१७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २१२ ॥ २०८२ भाद्र ३० गते सोमबार (15th Sep 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-


## मन्त्रिपरिषद् विस्तार

# कुलमानलाई ऊर्जा, रामेश्वरलाई अर्थ र ओमप्रकाशलाई गृह

झापा(प्रस) । नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आइतबार साँझ मन्त्रिपरिषद् विस्तार गरेकी छन् । उनले तीन सदस्यीय मन्त्रिपरिषद् विस्तार गरेकी हुन् । नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङलाई ऊर्जा जलश्रोत तथा सिँचाई मन्त्रालयको



जिम्मेवारी दिइएको छ ।
यस्तै ओमप्रकाश अर्याललाई गृहसहित कानुन मन्त्रालयको जिम्मेवारी दिइएको स्रोतले बतायो । त्यस्तै रामेश्वर खनाललाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

अर्याल चर्चित कानुनविद् हुन् । उनी पछिल्लो समय काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन शाहको कानुनी सल्लाहकार थिए । यता अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेका खनाल पूर्वअर्थसचिव हुन्। उनीहरुको शपथ भने सोमवार हुनेछ ।

अर्याल अख्तियार दुरूपयोग अनुसन्धान आयोग प्रमुख लोकमानसिंह कार्कीको नियुक्तिविरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरेपछि लोकप्रिय भएका हुन्। उनले जनहितका विभिन्न मुद्दा उठाएर कानुनी लडाइँ लड्दै आएका छन्। सुशीला कार्कीको अन्तरिम सरकार प्रमुख नियुक्ति क्रममा राष्ट्रपति रामचन्द्र पौडेलसँग वार्ता गर्नमा पनि उनी संलग्न थिए। शपथग्रहण समारोहमा पनि उनी सहभागी भएका थिए।

खनालले केही समयअघि मात्र उच्चस्तरीय आर्थिक सुधार सुझाव सिफारिस आयोगको अध्यक्षका रूपमा केपी ओली सरकारलाई ४४७ पृष्ठ लामो प्रतिवेदन बुझाएका थिए। अर्थतन्त्रको कमजोरी कहाँ छ, समस्या किन आयो, तत्काल के गर्नुपर्छ र दीर्घकालीन उपाय के हुन् भन्ने विषयमा उनले ठोस सुझाव दिएका थिए।

आफ्नो व्यवस्थापकीय क्षमताका कारण नेपाललाई लोडसेडिङबाट मुक्त गराएको भनी आमजनतामा लोकप्रिय घिसिङलाई केही महिनाअघि केपी ओली सरकारले नै प्राधिकरणबाट हटाएको थियो। उनको ठाउँमा हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गरिएको थियो।
प्रधानमन्त्री कार्कीले यी तीनै जनासँग सुरूमा फोनमा कुराकानी गरेकी थिइन्। त्यसपछि प्रधानमन्त्री कार्यालयमै बोलाएर छलफल गरी टुंगो लगाइसकेको स्रोत बताउँछ। आइतबार बिहानदेखि नै कार्कीले मन्त्रीमण्डल गठनलाई तीव्रता दिँदै छलफल सुरू गरेकी हुन्। मन्त्रीमण्डल प्रधानमन्त्रीसहित ११ जना सम्मको मात्र बनाइने भएको छ। यसो हुँदा अहिले टुंगो लागेका मन्त्रीहरूमा भागमा अन्य मन्त्रालय पनि पर्न सक्नेछ।
जेन-जी आन्दोलनको दबाबमा निवर्तमान प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएपछि कार्की अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएकी हुन्। उनी नेपालको इतिहासकै प्रथम महिला प्रधानमन्त्री हुन्। कार्कीले प्रधानमन्त्री पदको शपथ लिएलगत्तै प्रतिनिधिसभा विघटन गरिएको छ भने फागुन २१ गते निर्वाचन गर्ने घोषणा भइसकेको छ।

# सुमना श्रेष्ठले गरिन् रास्वपा छोडेको घोषणा



झापा,भदौ २९ । राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ सुमना श्रेष्ठले पार्टी छाडेकी छन्।
उनले आइतवार एक स्टाटस लेख्दै पार्टी छाडेको घोषणा गरेकी हुन्।
उनले भनिन्, 'अब खुल्लारूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएको छु। मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नु होला। मैले पार्टी छोडेँ।'
उनी लामो समयदेखि रास्वपा सभापति रवि लामिछानेको कार्यशैलीलाई लिएर असन्तुष्ट व्यक्त गर्दै आएकी थिइन्। सामाजिक सञ्जालमार्फत उनले गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनु पर्ने भन्दै आक्रोश व्यक्त गरिन्।
श्रेष्ठले जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दामाथि पार्टी र पार्टीभन्दामाथि नेतालाई राख्न थालेको जनाइन्। उनले पार्टीभन्दामाथि नेतालाई राख्न थालेदेखि नै आलोचना गर्दै आएको उल्लेख गरिन्।
'कहिलै गल्ती नस्विकार्ने। गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनु पर्ने। पार्टीभित्र आलोचना गर्नेहरूका विरूद्धमा मिडिया ट्रायल गर्ने ।' उनले भनेकी छन्,'जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देश भन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यति बेला देखि नै आलोचना गर्दै आएको हुँ। तर त्यसले कत्ति पनि फरक पारेन। अझ उल्टै मिडिया ट्रयाल हुन थाल्यो। यो स्वीकार्य छैन ।'

उनी संसद विघटन अगाडि रास्वपाबाट सांसद थिइन्। उनी शिक्षा मन्त्रीसमेत बनेकी थिइन्। यस अगाडि श्रेष्ठले रास्वपाको सहमहामन्त्री पद त्यागेकी थिइन्।

# सुनसरीबाट ५ हजार केजी गाँजा बरामद



झापा(प्रस) ।सुनसरीको इटहरी उपमहानगरपालिका-५ स्थित पूर्व-पश्चिम लोकमार्गबाट ५ हजार केजी प्रतिबन्धित लागूऔषध गाँजा बरामद गरिएको छ। सशस्त्र प्रहरी बल,नेपाल नं १ बराह बाहिनी पकलीबाट सशस्त्र प्रहरी निरीक्षक अशोक न्यौपानेको कमाण्डमा खटिएको २१ जनाको टोलीले विशेष सूचनाका आधारमा शनिबार राति उक्त गाँजा बरामद गरेको हो ।
सशस्त्र प्रहरीले गस्ती गर्दै जाने क्रममा ना ४ ख २७११ नं. को ट्रक र बा ५ ख १९६९ नं को मिनी ट्रक नियन्त्रणमा लिएर चेकजाँच ५ हजार केजी गाँजा बरामद गरिएको कोशी प्रदेशका सशस्त्र प्रहरी प्रमुख डीआईजी कुमार न्यौपानेले जानकारी दिएका छन् ।
चेकजाँच गर्दा ठूलो ट्रकमा लोड गरिएको १३४ बोरा र मिनि ट्रकमा २४ बोरा भित्र गरी जम्मा ५ हजार केजी गाँजा बरामद भएको डीआईजी न्यौपानेले बताए ।
प्रहरीका अनुसार हाल देशभर जेनजी आन्दोलनका कारण कर्फ्यु र निषेधाज्ञा जारी भएको मौका छोपी धनकुटाबाट तस्करहरूले ठूलो परिमाणमा गाँजा भारततर्फ लैजान खोजेका थिए। तर सशस्त्र प्रहरीको गस्ती टोलीले समयमा नै नियन्त्रणमा लिएर ठूलो मात्रामा गाँजा भारततर्फ जानबाट रोकिएको हो।
घटनाका बेला दुवै गाडीका चालक र संलग्न व्यक्ति फरार रहेको र उनीहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ। डीआईजी न्यौपानेले बरामद भएको ट्रक सहितको गाँजा आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय सुनसरीमा बुझाउने बताए ।

# जेन-जेड आन्दोलन र अबको गन्तव्य



• केशव भट्टराई

जेनजेड अभियान राम्रोसँग उच्चारण गर्ने हाम्रा जिब्रोहरू अभ्यस्त नहुँदै हामीले थाहा पायौं कि यसको बेग कति शक्तिशाली रहेछ ।
तसर्थ यो बेला केटाकेटीले गुलेली खेलाएको भाष्यलाई थोत्रे सारङ्गीमा बजाएर नवीन र समृद्ध नेपालको परिकल्पना गर्न सकिँदैन ।
यो अभियान परिवर्तनको सम्वाहक बनेर आइसक्यो । यदि पुरानै किनारामा उभिएर यो मुलुकलाई गतिशील बनाउन सकिन्थ्यो भने परिवर्तनकै लागि वर्षौं जेल बसेकाहरु सत्तासिन थिए । उनीहरूसँग सिङ्गो सुरक्षा संयन्त्र थियो। राष्ट्रिय ढुकुटीको चाबी उनकै हातमा थियो। राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्धहरू उनकै मार्गचित्रमा सजिएका थिए । संसदभित्र सत्ता सञ्चालकको हिस्सामा दुई तिहाई मत थियो ।प्रतिपक्षीहरु पनि थिए । देशभित्र लाखौं मतदाता थिए। घरभित्रको सरकारदेखि सिंहदरबारसम्मको नेतृत्व आफ्नै थियो। यति धेरै शक्तिशाली हुँदा पनि आज किन निर्बल साबित हुनुपर्यो ? प्रश्न चिन्ह यही नै हो।
सायद जेन-जेड पुस्ताले देख्यो होला। पञ्चायती कठघरामा साङ्लाले बाँधिएर भोगेका नारकीय जीवनमा बुनेका सपनाहरु अब स्खलित हुँदै गएका छन्। मुलुकको स्वाधीनता र भूगोलको रक्षार्थ खटिनुपर्ने सुरक्षा संयन्त्र कुख्यात भ्रष्टाचारी, दुराचारी र जल्लादहरुलाई समेत नियन्त्रण गर्न सकिरहेको छैन ।

राष्ट्रिय ढुकुटीमा रहनुपर्ने सम्पत्ति सीमित नेताहरूको घरका कोठाहरूमा अलपत्र अवस्थामा छ। जेन-जेडले यो पनि देख्यो होला सायद - शक्तिको आडमा गरिएको अक्षम्य बेइमानी , अवसरवाद र दलाल प्रवृत्तिले ठिङ्ग उभिन नदिएको स्वाभिमान अनि सँगसँगै देखियो होला - आफ्नै नारा, भाषण र



चुनावी वाचाको तेजोबध ।
सायद यो पुस्ताले अपेक्षा गरेको थियो - जनउत्तरदायी नेतृत्व र पारदर्शी शासन ,सामाजिक समावेशिता र न्याय , नैतिक मूल्य र मान्यताको प्रतिष्ठित आसन । कतै यी शब्दहरु संविधान सजाइने फुलबुट्टा मात्रै त भएनन् ?
यो समय अवधिमा हामी धेरैले सडक बनेको देख्यौं , सडकमा चिल्ला गाडी गुडेको देख्यौ, सामुदायिक भवन र भ्यु टावरहरु देख्यौं, अस्पताल र पुलपुलेसा पनि देख्यौं, ऊर्जा केन्द्र र सुरुङ मार्गहरू पनि देख्यौं। विकास निर्माण र समृद्धिका खाकाहरु पनि देख्यौं । क्रमशः हुँदै गरेका प्रगतिहरु पनि देख्यौं । ठिकै थियो त, चल्दै गरेको थियो त, क्रमशः बिस्तारै हुँदै गरेको थियो त , भनेर मन बुझाउने पुस्ता हुँदै नभएको पनि होइन। हो, यही बेला चाहिँ जेन-जेडले तपाईं हामीभन्दा फरक किसिमले हेर्यो कि ? अनि देखियो होला सायद विकासका प्रतिबिम्बहरूको धरातलमा कमिसन, तस्करी , भू-माफिया र स्वेच्छाचारी प्रवृत्ति ।
तपाईँ हामीले राम्रो गाडी मात्रै देख्यौं ,उसले गाडीभित्रको ड्राइभरको दुर्नियत पनि देख्यो होला। त्यसैले त आन्दोलनले आज ड्राइभर फेरिदिएको छ।

तपाईँ हाम्रा राजनीतिक दलकै कार्यकर्ताले भन्दै आएको दल बेठिक होइन कतिपय नेता बेठिक हुन् , विधि र विधान बेठिक होइन विधिको व्याख्या चाहिँ बेठिक हो । आस्था, निष्ठा र समर्पण बेठिक कदापि होइन त्यसलाई नजरअन्दाज गर्ने प्रवृत्तिहरु बेठिक हुन् ।

समृद्ध नेपाल नारामा मात्रै सीमित भयो। यसको सार्थकताका लागि तन्नेरी पुस्ताको चाहना पनि हो यो आन्दोलन- यिनै राजनीतिक शक्तिहरु भित्रबाट विधिसम्मत आस्था, निष्ठा, त्याग र समर्पणको समुचित मूल्याङ्कन हुन सकोस् ।

यतिबेला राजनीतिक दलहरू स्वाभाविक शङ्काको पृष्ठभूमिमा टेकेर पुनर्निर्माणमा जुट्न अपरिहार्य छ। दलभित्रका कमजोरी स्वीकारौं मात्र होइन निराकरण गरेर अघि बढौं। राजनीतिक दलहरूकै अतुलनीय योगदानको दर्बिलो जगमा उभिएको शितल निवास (राष्ट्रपति भवन) जसलाई लोकतान्त्रिक गणतन्त्रको उज्यालो प्रतीक यदि हामी मान्दछौं भने -
२३ र २४ भाद्रको तन्नेरी पुस्ताको आन्दोलनपछि शीतल निवासमा कोरिएको समाधानको मार्गचित्र (२१ फागुन २०८२ को निर्वाचन) मार्फत भोलिको भविष्यलाई सुन्दर बनाऔं, समृद्ध बनाऔं । जेन-जेड आन्दोलनले निर्देशित गरेका बेथिति र भ्रष्टाचारको अखडालाई निस्तेज पारौं।
म एकजना भुइँमान्छेको नाताले यो विषम परि स्थितिमा नेपालका राजनीतिक दल, बौद्धिक समुदाय, जेन-जेड अभियन्ता, नेपाल सरकार र स्वाभिमानी नेपाली नागरिकमा अपिल र आग्रह गर्दछु । जय नेपाल ।

# मोदीले बिहारमा ३६ हजार करोडको परियोजनाको उद्घाटन गर्दै

ठाकुरगञ्ज । प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको भ्रमण गर्ने भएका छन् । उनले लगभग ३६ हजार करोडको धेरै विकास परियोजनाहरू उद्घाटन गर्नेछन्, जसले राज्यमा पूर्वाधार र कनेक्टिभिटीलाई ठूलो बढावा दिनेछ। उत्तरपूर्वी फ्रन्टियर रेलवेका प्रमुख जनसम्पर्क अधिकारी कपिन्जाल किशोर शर्माले भ्रमणको मुख्य फोकस रेलवे परियोजनाहरूमा हुने र यो बिहारको यातायात सञ्जाल सुदृढीकरण गर्ने दिशामा ऐतिहासिक कदम साबित हुने बताए।
प्रधानमन्त्रीले अररिया-गलगालिया (ठाकुरगञ्ज) नयाँ रेलवे लाइनको उद्घाटन गर्नेछन्, जसले अररिया र किशनगञ्ज जिल्लाहरूबिच प्रत्यक्ष सम्पर्कको लामो समयदेखि विचाराधीन माग पूरा गर्नेछ। यो परियोजना भारतीय रेलवेको तर्फबाट ४,४१० करोड रुपैयाँभन्दा बढी लागतमा एनएफ रेलवेले कार्यान्वयन गरेको एउटा ऐतिहासिक पहल हो। करिब १११ किलोमिटर लामो र धेरै ठूला पुलहरू र १५ वटा स्टेसनहरू मिलेर बनेको यस परियोजनाले उद्घाटनपछि सीमाञ्चल क्षेत्रमा यात्रु र मालवाहक सम्पर्कलाई उल्लेखनीय बढावा दिनेछ। यसले नेपालसँगको सीमापार व्यापारका अवसरहरू पनि बढाउनेछ, जसले बिहारको सामाजिक-आर्थिक विकासमा योगदान गर्नेछ। प्रधानमन्त्री मोदीले २ हजार १७० करोड रुपैयाँभन्दा बढीको बिक्रमशिला-कटारिया रेललाइन परियोजनाको शिलान्यास पनि गर्नेछन् । जसले गङ्गा नदीमा नयाँ रेल लिङ्क प्रदान गर्नेछ। यी परियोजनाहरूसँगै, प्रधानमन्त्रीले चार नयाँ रेल सेवाहरूलाई हरियो झण्डा देखाउनेछन् जसले कनेक्टिभिटी र सुविधाका नयाँ मार्गहरू खोल्नेछ। यी रेलहरूको नियमित सेवाहरूमा ट्रेन ल्य.१५७०१ (कटिहार-सिलिगुडी) एक्सप्रेस वाया एरिया-गलगलिया नयाँ लाइन समावेश छ, जुन कटिहारबाट १७.०९.२०२५ देखि दैनिक ०५:०० बजे प्रस्थान गर्नेछ र सोही दिन १०:१५ बजे सिलिगुडी आइपुग्नेछ। त्यस्तै, ट्रेन नम्बर.२६३०१ (जोगबनी-दानापुर) वंदे भारत एक्सप्रेस १८.०९.२०२५ देखि दैनिक ३:२५ बजे जोगबनीबाट प्रस्थान गर्नेछ र सोही दिन ११:३० बजे दानापुर आइपुग्नेछ।
दुईवटा अमृत भारत एक्सप्रेस रेलहरू-एउटा जोगबनी-इरोड र अर्को सहरसा-चेहर्ता (अमृतसर)-लाई पनि हरियो झण्डा देखाइनेछ। यी परियोजना र सेवाहरूले बिहारका जनताका लागि क्षेत्रीय र लामो दूरीको रेल यात्रामा उल्लेखनीय वृद्धि गर्नेछ। रेल क्षेत्रबाहेक प्रधानमन्त्री मोदीले भागलपुरको पिरपाइन्टीमा ३ह८०० मेगावाटको थर्मल पावर प्रोजेक्टको शिलान्यास गर्नुहुने छ। यो नयाँ परियोजना बिहारमा रु २५,००० करोडको सबैभन्दा ठुलो निजी क्षेत्रको लगानी हुनेछ। यो अल्ट्रा-सुपर क्रिटिकल, कम उत्सर्जन प्रविधि प्रयोग गरेर डिजाइन गरिएको हो। यस परियोजनाले समर्पित ऊर्जा प्रदान गर्नेछ र बिहारको ऊर्जा सुरक्षालाई बलियो बनाउनेछ। प्रधान मन्त्रीले पूर्णिया विमानस्थलको नयाँ सिभिल एन्क्लेभमा अन्तरिम टर्मिनल भवनको पनि उद्धाटन गर्नेछन्, जसले उत्तर बिहारका लागि राम्रो उड्डयन सुविधा प्रदान गर्नेछ। उनले मखाना खेतीमा बिहारको प्रमुखता र किसानहरूलाई फाइदा पुर्याउने सम्भावनालाई मान्यता दिँदै राष्ट्रिय मखाना बोर्डको पनि उद्घाटन गर्नेछन्। यसरी, प्रधानमन्त्रीको यो भ्रमणले कनेक्टिभिटी, ग्रामीण सशक्तिकरण र कृषिमा विशेष जोड दिएर बिहारको द्रुत विकासलाई गति दिने सरकारको दृढ प्रतिबद्धतालाई देखाउँछ। यी महत्वाकांक्षी परियोजनाहरूको उद्घाटन र शिलान्यासले राज्यको विकास गाथामा नयाँ अध्याय लेख्नेछ र विभिन्न क्षेत्रका जनतालाई लाभ सुनिश्चित गर्नेछ।

# मानव बेचबिखनले सभ्य समाजको कल्पना असम्भव

• लक्ष्मी उप्रेती

विश्वमा संगठित अपराधको सूचीमा मानव बेचबिखन र तस्करी दोस्रो नाफामूलक आपराधिक व्यापारमा पर्छ । व्यापकरुपले बढिरहेका अपराधहरु मध्ये तीन वटा संगठित अपराधहरु छन् भनिएको छ । ती मध्ये हातहतियार पछिको दोस्रो ठूलो अपराध मानव बेचबिखनलाई लिइन्छ । त्यसपछिको तेस्रो ठूलो हो-लागूऔषध सम्बन्धी अपराध । हाम्रो देशमा दोस्रो र तेस्रो अपराध यस क्षेत्रसँग सम्बन्धित निकायका लागि चुनौतीको विषय बनिरहेको छ । संसारमा फस्टाउँदो गतिमा रहेका प्रमुख तीनवटा अवैध संगठित अपराधहरुमध्ये मानव बेचबिखनबाट प्रतिवर्ष करीब १ सय ५० अरब अमेरिकी डलर बराबरको कारोबार हुने गर्दछ ।

मानव बेचबिखनलाई अन्तर्राष्ट्रिय जघन्य अपराधका रुपमा लिइएको छ, यो अपराधको दुष्प्रभाव एउटा भूगोलमा मात्रै सीमित छैन, यसलाई साझा दुस्मनका रूपमा लिएर निरुपण गर्नुपर्छ भनेरै हरेक वर्षको जुलाई ३० तारिखका दिनलाई मानव बेचबिखनविरुद्धको अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाइँदै आएको छ । हरेक वर्ष भदौ २० गतेका दिनलाई मानव बेचबिखनबिरुद्धको राष्ट्रिय दिवसको रुपमा नेपालमा मनाउन थालिएको इतिहास पनि छ ।

सन् २००२ मा काठमाडौंमा सम्पन्न सार्कको एघारौँ शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ लाई २०६३ भदौ २० गतेका दिन तत्कालीन व्यवस्थापिका संसदबाट अनुमोदन भएपछि सोही दिनको स्मरणमा २०६४ सालदेखि प्रत्येक वर्ष भदौ २० गतेका दिन यो दिवस मनाउन थालिएको हो ।

मन्त्रिपरिषदको २०६४ जेठ ११ को बैठक बाट हरेक बर्ष भदौ २० गतेलाई मानव बेचबिखनबिरुद्धको राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णय गरिए बमोजिम हरेक वर्ष भदौ २० गतेका दिनलाई मानव बेचबिखनबिरुद्धको राष्ट्रिय दिवसको रुपमा मनाउन थालिएको इतिहास छ । बेचबिखनलाई जघन्य अपराधको रुपमा लिईन्छ र नेपाल पनि यस समस्याबाट अछुतो छैन । हुनतः नेपालसहित विश्वका धेरै देशमा मानव बेचबिखन तथा ओसारपसार निकै गम्भीर समस्या रहेको छ । मानव बेचबिखन तथा ओसारपसार अपराध विश्वव्यापी मानवताविरुद्धको अन्तरदेशीय गम्भीर अपराध पनि हो ।

यसको नियन्त्रणमा थुप्रै सरकारी तथा गैरसरकारी संस्थाहरु क्रियाशील छन् । नेपाल प्रवेश र बाहिरिने पूर्वकै द्वार (नेपाल भारतको सीमा नाका काँकरभिट्टा)मा माईती नेपाल, साना हातहरु नेपाल, नव अभियान नेपाल, आफन्त नेपाल, साहसी महिला नेपाल, असल मित्र नेपाललगायतका थुप्रै गैरसरकारी संस्थाहरु तैनाथ छन् । यससँगै जनपद, सशस्त्र प्रहरीलगायत अन्य सरकारी सुरक्षा निकायसमेत सक्रिय छ ।

यहाँ संस्था जतिवटा र जे जे नामका भए पनि उद्धेश्य भने सवैको एउटै छ । मानव बेचबिखन नियन्त्रण गर्नु, लैङ्गिक हिंसाको रोकथाम तथा कुनै प्रलोभनमा परेर वेचिएका मानवहरुको उद्धार गरी पुनःस्थापना गर्नु । तर, पनि यस्ता घटना पटक पटक दोहोरिरहेका छन् । माइती नेपालका प्रादेशिक संयोजक गोविन्द घिमिरे मानव बेचबिखन विश्वको साझा चासो, चुनौती र सरोकारको विषय भएको बताउँछन् । मानव बेचबिखन न्यूनीकरणका लागि सरकारी विकासका साझेदार संस्थाहरूबीच समन्वयात्मक भूमिका हुनु अनिवार्य छ । सभ्य समाजका लागि चुनौती बन्दै गएको मानव बेचबिखनलगायतका घटना न्यूनीकरणका लागि सहकार्य नै विशेष उपाय हुन सक्ने सवैको बुझाई पनि छ ।



सरकारी अधिकारीहरुको भनाईमा प्रहरी वा कसैको एक्लो प्रयासले मात्रै मानव बेचबिखन रोकथाम र नियन्त्रण वा यस किसिमको अपराध न्यूनीकरण हुन सक्ने अवस्था छैन । बेचबिखनविरुद्ध सकारात्मक सोच र भूमिकाको विकास गर्दै सचेतना अभियान प्रत्येक घरघरमा पुर्‍याउन पर्दछ । मानवताका नाताले हामी सबैले एक अर्कालाई साथ सहयोग गर्नुपर्ने र यो हामी सबैको जिम्मेवारी समेत हो । मानव बेचबिखन किन हुन्छ ? के कारणले बेचिन बाध्य छन् ? कस्ता मान्छे बेचिएका छन् ? लगायत यी सारा कारण पत्ता लगाएर यसको समाधान खोज्नु आजको आवश्यकता हो । कुनै पनि कारणले मानिस हिंसा र बेचबिखनमा पर्नु हुर्दैन ।

मानव बेचबिखन हुने कारण पत्ता लगाएर यसको समाधानको विषयमा ठोस छलफल हुनुपर्दछ । मानव बेचबिखन जस्तो भयानक विश्वव्यापी अपराधमा शून्य सहनशीलता हुनुपर्ने भन्दै पटक पटक आवाजहरु नउठेका पनि होइनन् । तर, समस्या ज्यूँका त्यूँ छ । रोजगारीको अभाव तथा वैदेशिक रोजगार, गरिबी, शिक्षा र जनचेतनाको कमी, मानव बेचबिखनको प्रमुख कारण बन्दै आइरहेका मानव बेचबिखनविरुद्ध क्रियाशील गैर सरकारी संस्था नव अभियान नेपाल शाखा कार्यालय मेचीनगर -०६ काँकरभिट्टा झापाका बरिष्ठ कर्मचारी अनिता गुरागाईँको बुझाई छ ।

गरिबीको फाइदा उठाउँदै कतिलाई वैदेशिक जागिरको प्रलोभनमा त कतिलाई विहेबारीको मायाजालमा पारेर मानव बेचबिखन र तस्करीका घटना भेटिने गरेको उनको भनाई छ । मानव बेचबिखन अन्त्य गर्न गरिबी हटाउने कामलाई विशेष जोड दिनुपर्ने उनको सुझाव छ । एकजना प्रहरीका उच्च अधिकारीको भनाई अनुसार 'नेपालमा आन्तरिक रुपमा मनोरञ्जन क्षेत्रमा हुने बेचबिखन तथा अन्तर र्राष्ट्रिय रुपमा भिजिट भिसाको आवरणमा हुने मानव बेचबिखन तथा ओसारपसार समेत एउटा ठूलो चुनौतीको रुपमा देखिएको छ । भारत, चीन, मध्यपूर्वी एशिया, दक्षिणपूर्वी एशियालगायत युरोप तथा अमेरिका समेतमा नेपाली नागरिक रोजगारीको बहानामा मानव तस्करको चङ्गुलमा परी भिजिट भिसा समेतको दुरुपयोग गरी पठाइएको अवस्था छ । यसलाई नियन्त्रण तथा नियमन गरी व्यवस्थित बनाई मानव बेचबिखन तथा ओसारपसार अपराध न्यूनीकरण तथा रोकथाम गर्नु हामी सबैको साझा दायित्व हो ।'

गृहसचिव एकनारायण अर्यालले एउटा कार्यक्रममा भनेका थिए 'भिजिट भिसाको बहानामा बेचबिखन हुने समस्या सुनिन्छ, विभिन्न देशमा लगेर बन्धक बनाउने काम पनि भइरहेको छ, यसका विरुद्ध नेपाल प्रहरी र ब्युरो लागिरहेको छ' । पछिल्लो समय अवैधरूपमा विदेशिनेहरुले निकै दुःख पाइरहेका छन्, उनीहरु जानेर वा नजानेर समस्यामा परिरहेका छन्, आफ्नै ज्यान नै गुमाइरहेको अवस्था छ । विदेशिएपछिको अवस्थामा विभिन्न अप्ठ्यारा आइपर्ने गरेका घटनाहरु विभिन्न सञ्चारमाध्यमहरुबाट हामीले सुन्दै आएका छौ । जे काम गर्नका लागि विदेशिएका निकैले त्यो काम नपाइरहेको समाचार आउने गरेका छन् । काम अनुसार वा भनेको जति तलब नपाउनेलगायत थुप्रै समस्या उनीहरुका अघि खडा छन् । समस्यामा फसेपछि स्वदेश फर्कन्छु भन्दा पनि ऊ फर्किन सर्क्दैन । बधुवा मजदुरका रुपमा काम गर्नुपर्ने बाध्यतामा पनि थुप्रै छन् । वैदेशिक रोजगारमा लगिने वा जाने व्यक्तिहरु कुनै न कुनै प्रकारले मानव बेचबिखन तथा ओसारपसारको जोखिममा परिरहेका छन् ।

त्यसमा पनि महिला कामदारको स्थिति झनै संवेदनशील रहेको हामीले सुनेका छौ । विभिन्न प्रतिवेदनले लगातार वैदेशिक रोजगारी क्रमशः मानव बेचविखन तथा ओसारपसारको महत्वपूर्ण माध्यम बन्न लागेको औल्याइरहेको अवस्था पनि छ । हुन त, वैदेशिक रोजगार बेचबिखन होइनन् तर असुरक्षित तवरले गरिने स्थानान्तरण/वैदेशिक रोजगारमा बेचबिखन तथा ओसारपसारको जोखिममा पर्ने सम्भावना बढी रहने सरकारी अधिकारीहरुको भनाई छ । कानुनी प्रक्रिया पूरा गरेर अथवा श्रम स्वीकृति लिएर जानेसँगै अवैध तरिकाले बाहिरिनेहरुको संख्या पनि ठूलो छ ।

पछिल्लो समय मानव बेचबिखनमा आधुनिक प्रविधिले निकै जोखिम बढाएको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी निरीक्षक वीरेन्द्र कोइरालासँग मानव बेचबिखनमा आधुनिक प्रविधिले समेत जोखिम बढाएको अनुभव छ । अनुसन्धानमा निकै अब्बल देखिएका प्रहरी निरीक्षक कोइराला आजभोलि अधिकांश युवायुवती मोबाइलमै व्यस्त देखिन्छन् । नेपाली बजारमा प्रविधिले आफूलाई स्थापित गरिरहेको छ । प्रविधिले कतिपय कामलाई निकै सहज बनाएको छ । तर प्रविधिकै कारण नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्ने गरेको अनुसन्धानका क्रममा देखिएको बताउँछन् ।

विगतमा भौतिक उपस्थितिमै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुर्याउने गरेको लामो समयसम्म अनुसन्धानका क्षेत्रमा काम गरिसकेका प्रहरी निरीक्षक कोइरालाले बताए । कोइरालाले भने, ' दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको छ ।' 'अहिले फोनकै भरमा महिलालाई भारत ओसार्न थालेपछि नियन्त्रणमा समेत चुनौती थपियो' उनले भने ।

दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिलामात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् । मोबाइल फोन, फेसबुक, म्यासेन्जर, इमोलगायतका कारण मानव तस्करलाई नयाँ व्यक्तिसँग चिनजान र सम्पर्क बढाउन सहज बनाइदिएको छ । यसले मानव बेचबिखन तथा ओसारपसारलाई अझै बढी सहज बनाउँदै भनेको समय र स्थानमा बोलाएर भेट्न सजिलो भएको छ ।
मानव बेचबिखन, ओसारपसार नियन्त्रण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा पीडकहरु उम्किने र पीडितले न्याय नपाउने अवस्था विद्यमान छ । यस्तोमा अब नागरिक तहबाट पनि आवाज उठाइनु पर्ने नागरिक समाजको भनाई छ । यस्तो संगठित अपराधका बिरुद्ध सबै सचेत होऔं । आवाज उच्च बनाऔं र यसबिरुद्ध सशक्त ढंगले लडौं । होइन भने यस्तो अपराधबाट कुनै घर अछुतो नरहने पक्का छ ।

# चिया निकासीमा समस्या

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीले मेची भन्सार कार्यालय काँकडभिट्टामा भदौ २४ गते आगजनी गरेपछि त्यसको असर निर्यात हुने चियामा परेको छ । भारत निर्यातका लागि भन्सारमा पुगेको २५ हजार किलो चिया पनि जलेर ध्वस्त भएको छ ।
निर्यातका लागि भन्सारमा पुगेको इलामका पाँच कारखानाको चिया जलेर ध्वस्त भएको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसन नेपालले जनाएको छ । इलामका समाल भ्याली, अन्तु अर्गानिक टी, श्री अन्तु, गोर्खा र दाजुभाइ टीबाट निर्यातका लागि भन्सार पुगेको चिया आगजनीमा ध्वस्त भएको एसोसिएसनका महासचिव गोपाल कट्टेलले बताए ।
"देशमा अन्योल भएपछि बन्द भएका चिया कारखाना शनिबारदेखि सुचारु गरिएको छ । हरियो पत्ती नोक्सान हुने भएपछि कारखाना चालु गरिएको महासचिव कट्टेलले बताए । उनले भने, "अब तयारी गरेर राख्नुको विकल्प छैन । चिया क्षेत्रलाई ठुलो घाटा छ ।" विदेशबाट माग भएको चिया पनि पठाउने अवस्था नहुँदा समस्या भएको कट्टेलले बताए ।

चालु आव २०८२/८३ को साउनमा ३७ करोड ४८ लाख २४ हजार मूल्य बराबरको चिया निर्यात भएको छ । यो अवधिमा १२ लाख ९७ हजार २२ किलो चिया निर्यात भएको भन्सार कार्यालयले जनाएको छ ।

## महान्यायाधिवक्तामा...

वकालतसमेत हेर्न गइरहन्थिन्।
२०३३-३४ सालतिरको कुरा हो। बिपी कोइराला र गणेशमान सिंहविरुद्ध विशेष अदालतमा राजकाज मुद्दा थियो। त्यो बेला बुबाको बहस सुन्न अदालत गएको उनी सम्झन्छिन्।
'डा. केआई सिंहविरूद्धका मुद्दामा भएका बहस पनि मैले सुनेको थिएँ,' उनले भनिन्।
अहिले पनि सविता आफ्ना बाबुसँग नजानेका विषय सोध्ने गर्छिन्। बाबुछोरीको 'ल फर्म' एउटै हो। तर हरेक विषयमा बाबुकै भर पर्दिनन्।
'कुनै क्लाइन्ट आयो भने 'यो मुद्दा म लड्छु मलाई दिनुस्' भन्ने मेरो बानी छैन। मैले मागेर लिएको छु जस्तो मलाई अनुभूति नै हुँदैन,' सविताले भनिन्, 'एउटै अफिस भएकाले फाइल बोकेर यताउता गर्दा पनि भण्डारीकी छोरी भनेर चिन्न थाले। अरूलाई भन्दा मलाई फरक तरिकाले हेर्न थाले। त्यसले पनि मलाई सजिलो भयो।'
वरिष्ठ अधिवक्ता कृष्णप्रसादकी नातिनी निविदिता यो क्षेत्रमा लागेको एक वर्ष भयो। उनी आफ्नी फुपू सवितालाई देखेर वकिल बनेको बताउँछिन्।

२०६० सालतिरको कुरा हो। उनी कक्षा ४ मा पढ्दै थिइन्। त्यति बेला नेपाल बन्द भइरहन्थ्यो। त्यही क्रममा एक दिन पुतलीसडकबाट फुपूसँगै हिँडेर आउँदै थिइन्, बाटोमा धेरैले सवितालाई नमस्कार गरे। त्यो देखेर वकिल बन्नु भनेको सम्मानित पेसा रहेछ भन्ने लागेको उनी बताउँछिन्।
'त्यो दिनदेखि मेरो ध्यान कतै गएन,' उनले भनिन्।
भारतबाट कानुनमा स्नातक निविदिता पूर्वाञ्चल विश्वविद्यालयबाट स्नातकोत्तर गर्दै छिन्। परिवारमा उनको पुस्ताका कसैले कानुन नपढेकाले पनि उनलाई यो इच्छा लागेको हो। हजुरबुबाको पेसालाई निरन्तरता दिने उनको सोच छ।
'मैले वकालतबाहेक अरू सोचेकै छैन। सरकारी सेवामा पनि जादिनँ,' उनले भनिन्, 'अहिले एउटा कर्पोरेट फर्ममा काम गर्दै छु। त्यही भएर बुबा र फुपूसँग काम गर्न पाएको छैन। अझै समय बाँकी छ, हेरौं विस्तारै हुन्छ होला।'

छ दशकभन्दा अघिदेखि न्याय क्षेत्रमा लागिरहेका कृष्णप्रसादसँग हामीले पछिल्लो समयको न्याय क्षेत्र कस्तो छ भनेर पनि सोधेका थियौं।
उनलाई विगतमा जस्तो न्याय क्षेत्र निष्पक्ष र स्वतन्त्र भएको लाग्दैन।
'न्याय क्षेत्रमा हाम्रो समय र अहिले फरक छ। त्यति बेला न्याय परोस् भन्ने थियो। मुद्दाको प्रक्रियामा कसैले पनि आफ्ना कुरा राख्ने चलन थिएन। किताब र मिसिल पढेर बहस गर्ने भन्ने थियो,' उनले भने, 'न्यायाधीशहरू पनि बढो ध्यानपूर्वक हाम्रा कुरा सुन्थे।'
सर्वोच्च अदालतमा दरबारको केही प्रभाव भए पनि मन्त्रीहरूले छुनसम्म नसकेको उनको भनाइ थियो।
'न्यायाधीशको मन न्याय नै गरूँ भन्ने हुन्थ्यो। न्यायाधीश र हाम्रोबीच चर्को बहस हुन्थ्यो, तर रिसराग हुन्थेन,' उनले भने, 'न्यायाधीशहरू न्याय गर्छौं भन्ने अठोटमा थिए। हामी पनि न्याय लिन्छौं भन्ने अठोटमा थियौं।'
उनकी छोरी सविता आफूलाई बाबुसँग तुलना गर्छिन् कि गर्दिनन् त?
यो प्रश्न सोध्दा सविताले भनेकी थिइन्, 'मैले आफूलाई बुबासँग कहिल्यै तुलना गरेको छैन। त्यसो गर्न मिल्दा पनि मिल्दैन। यो उमेरमा पनि उहाँले जसरी बहस गर्नुहुन्छ, त्यो सुन्दा मैले यस्ता कुरा जानेकै रहेनछु जस्तो लाग्छ। मलाई लाग्छ, मैले जति गर्नुपर्ने हो, त्यति गर्न सकिरहेको छैन।'
आफ्ना बाबुको यति लामो विरासत हुँदाहुँदै सविताले बेलाबखत अपमान सहनुपरेको छ, त्यो पनि महिला भएका कारण।

'कहिलेकाहीँ मैले साथीभाइसँग आक्रोश पनि पोख्ने गरेको छु। मलाई महिला भएकोमा कहिल्यै ग्लानि भएन, तर यो पेसामा आएपछि मलाई पटक पटक ग्लानि भएको छ,' उनले हामीसँग भनेकी थिइन्, 'त्यो ग्लानि साथीभाइहरूबाट आएको हुन सक्छ। न्यायाधीशहरूबाट आएको हुन सक्छ वा पक्षहरूबाट पनि आएको हुन सक्छ।'

एउटा पुरूष र महिला वकिलबीच वकालतका आधारमा भन्दा लैंगिक आधारमा मूल्यांकन गरिने उनको अनुभव छ। धेरै सेवाग्राहीहरू महिला अधिवक्तामाथि विश्वास कम गर्ने उनले सुनाइन्।


## मोटरसाइकल हराएको सूचना

**यही मिति २०८२ भदौ २४ गतेका दिन झापा बिर्तामोड-५ बाट प्र १-०२-०५२प९९७२ नम्बरको कालो रातो बजाज पल्सर सिंगल डिस्क १५० सिसिको मोटरसाइकल हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।**
**सम्पर्क व्यक्ति**

सुन्दर श्रेष्ठ-९८४२१९४६७३





कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


# बाणिज्य संघको पहलमा आजदेखि भन्सार खुल्ने

काँकरभिट्टा(प्रस) । जेनजी आन्दोलनका क्रममा तहसनहस भएको मेची भन्सार कार्यालयलाई मेची उद्योग बाणिज्य संघको




पहलमा पुनर्स्थापित गरिने भएको छ ।
आइतबार मेची उद्योग बाणिज्य संघको टोलीले भन्सार कार्यालयमा प्रमुखलाई भेटेर समस्या सुनेपछि सोमबारदेखि भन्सारबाट आयात निर्यातको काम सुचारु हुने भएको हो ।
जेनजी आन्दोलनका क्रममा यही भदौ २४ गते प्रदर्शनकारीहरुले मेची भन्सार कार्यालय तोडफोड, आगजनी र गोदाममा राखिएको सामान लुटेर लगेका थिए ।
भन्सार कार्यालयबाट अहिलेसम्म कुनै सामान जाँचपास गरेर आयात निर्यात भएको थिएन ।
मेची उद्योग बाणिज्य संघका अध्यक्ष खेमराज प्रसाईको नेतृत्वमा गएको टोलीले भन्सार प्रमुख हरिहर पौडेललाई भेटेर भन्सार सुचारु गर्न अनुरोध गरेका थिए ।
भन्सार प्रमुख पौडेलले आगजनीका कारण विद्युतीय उपकरण, फर्निचर लगायतका सामान जलेर नष्ट भएपछि सुचारु गर्न गाह्रो रहेको बताएका थिए ।
मेची उद्योग बाणिज्य संघका अध्यक्ष प्रसाई, वरिष्ठ उपाध्यक्ष कपिल क्षेत्री, महासचिव दिनेश शाक्य, संस्थापक अध्यक्ष पन्नालाल जैन, पूर्व अध्यक्ष केशवराज पाण्डे, पूर्व वरिष्ठ उपाध्यक्ष मोहन निरौला, कार्यकारी प्रमुख गोपाल वस्नेत, कार्यसमितिका सदस्य सन्तोष खवास, नेपाल भेनियर उत्पादक संघका अध्यक्ष श्याम न्यौपाने, नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष निर्मल भट्टराई, उपाध्यक्ष नारायण चिमरिया, मेचीनगरका निवर्तमान मेयर विमल आचार्यलगायत व्यवसायीहरुले भन्सार सुचारु गर्न अनुरोध गरेका थिए ।

व्यवसायी नेताहरुले बाणिज्य संघको पहलमा भन्सार कार्यालयलाई आवश्यक कम्प्यूटर, प्रिन्टर, पंखा, टेवल, कुर्सी लगायतका भौतिक सामग्री व्यवस्थापन गरिदिने भएपछि सोमबारदेखि भन्सारमा जाँचपास गरिने र आयात निर्यात सुचारु हुने भएको हो ।

बाणिज्य संघले एक विज्ञप्ति निकालेर सबै उद्योगी, व्यवसायी सुरक्षाकर्मीहरुलाई चाडबाडहरु नजिकिएसँगै पहिलाको झै लयमा फर्किएर आफ्नो व्यवसाय सुचारु गर्न आग्रह गरेको छ ।

# टेन्ट टाँगेर सर्वोच्चले थाल्यो सेवा



झापा(प्रस)। जेनजी आन्दोलनका क्रममा आगजनी गरिएको सर्वोच्च अदालतले आइतबारदेखि सेवा सुरु गरेको छ । अदालत भवन परिसरमा टेन्ट टाँगेर कर्मचारीहरूले काम सुरु गरेका हुन् । आन्दोलनका क्रममा प्रदर्शनकारीले सर्वोच्चको भवनमा आगजनी गर्दा भौतिक पूर्वाधारमा क्षति पुग्नुका साथै थुप्रै महत्वपूर्ण कागजातहरू नष्ट भएका छन् । प्रधानमन्त्री सुशीला कार्कीले सरकारी सम्पत्तिमा क्षति पुऱ्याउनेलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचनमा जाने हिम्मत गरौं

यतिबेला राजनीतिक दलहरु क्रुद्ध बनेका छन् । आफ्नै कारणले यो हविगत भागेको उनीहरुलाई अझै ज्ञान भएको छैन । प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति सत प्रतिशत संविधानसम्मत बनाऔं । दायाँ बायाँ नगरौं ।

सरकार र सबै राजनीतिक दल (नयाँ, पुराना र जन्मिन बाँकी) ले फागुन २१ गते चुनाव सम्पन्न गर्नेमा ध्यान केन्द्रित गरे भने आजको १७८ दिनमा निर्वाचन सम्पन्न हुनेछ।

भदौ २३ को जेन–जी हस्तक्षेप, २४ गतेको हिंसा र आगजनीपछिका तीन दिनमै हामीले अन्तरिम सरकार निर्माण गर्‍यौं। यो सानो कुरा होइन।

त्यत्रो हिंसापछि सात दिन नपुग्दै समाज सामान्य लयमा फर्किन सुरू गरेको छ। कयौं ठाउँमा आगजनी गरिएका सरकारी संरचनाहरूको सरसफाइमा समुदायका स्थानीय मानिस जुटेका छन्। यसले संसारको ध्यान खिचेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक रूपमै यसको प्रशंसा गरेका छन्।

२०७२ सालको भूकम्पपछि हाम्रो 'रेजिलेन्स' (प्रतिकूलताका बाबजुद उठ्न सक्ने क्षमता) को विश्वव्यापी रूपमा सरहना भएको थियो। यो नेपाली समाजको उज्यालो पक्ष हो।

हामीले अबको ६ महिनामा चुनाव सम्पन्न गर्‍यौं भने, हाम्रो विवेक, संयम र क्षमता देखेर संसार चकित हुनेछ। संसारमा थोरै मात्र मुलुक छन्, जसले यति ठूलो राजनीतिक उथलपुथलपछि यति छिट्टै निर्वाचन सम्पन्न गरेर लोकतन्त्रलाई ट्र्याकमा ल्याएका छन्।

छिमेकी बंगलादेशको उदाहरण हेरौं – गत वर्ष प्रधानमन्त्री शेख हसिना वाजेदलाई सत्ताच्युत गर्ने क्रान्ति एक महिना बढी समय चलेको थियो। संयुक्त राष्ट्र संघका अनुसार करिब १४ सय मानिसको ज्यान गएको थियो। क्रान्ति भएको एक वर्षपछि पनि निर्वाचन कहिले हुने हो, अझै टुंगो छैन। प्रधानमन्त्री मोहम्मद युनुसले सन् २०२६ को फेब्रुअरीमा चुनाव गर्ने भनेका छन्। तर यकिन मिति घोषणा भएको छैन। संक्रमण लम्बिँदै जाँदा बंगलादेशमा असन्तोष, दिकदारी र निराशा बढेको छ।

यस्ता पृष्ठभूमिमा हामीले ६ महिनाभित्र सम्पन्न गर्ने आँट गरेको निर्वाचनको कत्रो अर्थ छ, त्यो बुझौं। र, यसलाई राष्ट्रिय संकल्पमा बदलौं।

हामीले समयमा निर्वाचन सम्पन्न गर्‍यौं भने मुलुकमा 'बहुदल' लाई लोकतन्त्रमा रूपान्तरण गर्ने नयाँ सम्भावनाको सम्मुख मुलुकलाई उभ्याउने छौं।

कानुनको शासन स्थापना गर्ने, दलीयकरण अन्त्य गर्ने, अदालत, संवैधानिक निकाय, विश्वविद्यालय लगायत राज्यका महत्त्वपूर्ण संस्थाहरूको 'राजनीतिक क्याप्चर' बाट छुटकारा दिलाउने सम्भावनाको सम्मुख मुलुकलाई पुर्‍याउने छौं।

आन्तरिक र बाह्य कयौं दबाब र शुभेक्षाका बाबजुद नबदलिएका पुराना दलहरूलाई रूपान्तरण गर्नेपर्ने ठाउँमा पुर्‍याउने छौं।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नयाँ सरकारको जग



• प्राडा शान्तिकृष्ण अधिकारी

सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएको छ । उहाँको नियुक्तिसँगै इतिहासमै मुलुकले पहिलो पटक महिला प्रधानमन्त्री पाएको छ । उहाँले यसअघि पहिलो महिला प्रधान न्यायाधीशका रूपमा रेकर्ड बनाउनुभएको थियो । प्रधानमन्त्री भएपछि अर्को नयाँ रेकर्ड पनि थप भएको छ । यस अर्थमा पनि उहाँ बधाईको पात्र हुनुहुन्छ । प्रधानमन्त्री कार्कीलाई जेनजी आन्दोलनले दिएका म्यान्डेट पूरा गर्न सफलता मिल्ने अपेक्षा गरिएको छ ।

जेनजीको आन्दोलनले चाहेको भ्रष्टाचार नियन्त्रणको जग हाल्नेबित्तिकै यो सरकार बधाईको पात्र बन्ने छ । कतिपयको घर जल्दा पैसाका बिटा जले, ती पैसा राष्ट्र बैङ्कमा जम्मा गरेर मुलुकको हितमा ल्याउन पाएको भए कति राम्रो हुन्थ्यो होला भन्ने अब सोचिरहन परेन । खरानीका बारेमा सोचेर समय फाल्नु व्यर्थ हुन्छ तर अझै पनि त्यस्ता पैसा धेरैका घरमा छन् । साँच्चै छानबिन गर्ने र खोजी गर्ने हो भने नेपालको एक दुई वर्षको बजेट धान्ने पैसा अनेकन नेता र कर्मचारीका घरमा बोरामा कोचेर राखिएको अनुमान गर्न सकिन्छ ।

नयाँ सरकार आन्दोलनको जगमा खडा भएको छ । आन्दोलनलाई समाप्तिमा पुर्‍याउँदै गर्दा उठेका विवादको समाधान संविधान जोगाएर गरिएको छ, यो लोकतन्त्रका लागि खुसीकै विषय हो । विसं २०६२/६३ को जनआन्दोलनका सहिद र योद्धाको बलिदान रगतलाई पूर्णतः बिर्सेर अघि बढ्न सम्भव पनि थिएन । संविधानमा जे लेखिएको भए पनि जेनजी आन्दोलनलाई नै प्राथमिकता दिएर सरकार गठन गर्नुपर्ने स्वर घन्किरहेका थिए । यसबिचमा मध्यमार्गी बाटो खोजेर संविधान जोगाउँदै प्रधानमन्त्री नियुक्त गर्न राष्ट्रपति सफल हुनुभएको छ । सात दशकको राजनीतिक जीवन नै धरापमा राखेर संविधान रक्षा गर्न सफल हुनुभएकोमा राष्ट्रपति रामचन्द्र पौडेल प्रशंसाको पात्र बन्नुभएको छ । आन्दोलनपछि सबै चिज सर्वस्वीकार्य हुन्छन् भन्ने छैन । कतिपय कार्य सहमतिमा पनि हुनु पर्छ । अहिले पनि आन्दोलनकारी र राजनीतिक दलका प्रतिनिधिसँगको ठुलो रस्साकस्सी पछि मात्रै निकास निस्किएको छ । नयाँ शिराबाट निकास आउँदा सबैलाई पाच्य हुन्छ भन्ने पनि हुँदैन । परम्परागत रूपमा चल्दै आएका दल र मानिसका निमित्त यस्ता कुरा निश्चय नै असहज हुन्छन् । यसलाई पनि नौलो मान्नु पर्दैन । जसले सत्ता हाँकिरहेको थियो र मुलुकको राजनीतिमा प्रमुख स्थान ओगटिरहेको थियो, उसलाई इवाट्ट सत्ता छाडेर नयाँ परिस्थितिमा अनुकूलन हुन समय लाग्छ नै । यसलाई पनि स्वाभाविक रूपमा लिन सक्नु पर्छ ।

नवनियुक्त प्रधानमन्त्रीका काँधमा यही जिम्मेवारी आएको छ कि नयाँ शक्तिका जोसपूर्ण इच्छा आकाङ्क्षा सम्बोधन गर्नैपर्ने छ र पुराना शक्तिका आक्रोशलाई पनि मत्थर पार्न होसपूर्ण कदम चाल्न ध्यान दिनुपर्ने छ । यो सरकारका लागि असहज वातावरण छ । आरामसित पाँच वर्षमा यति काम सिध्याउँछु भन्ने फुर्सदको समय सरकारसँग छैन । एक दुई दिन पर्खौं न, परिस्थिति अलि सहज भएपछि काम गरौँला भन्ने समय र अवसर पनि यो सरकारले प्राप्त गरेको छैन । यो सरकारलाई चुनौती र अवसर दुवै छ समन्वयात्मक तबरले निकास निकाल्न कठिन छ । सबै अन्योल चिरेर चुनौतीलाई बिराम दिँदै अवसरै अवसर सिर्जना गर्नुपर्ने दायित्व यो सरकारले बोकेको छ ।

जेनजीको प्रमुख मुद्दा भ्रष्टाचारसम्बन्धी थियो । सुशासनलाई प्राथमिकतामा राखेर गरिएको आन्दोलनको सफलताबाटै यो सरकार गठन हुन पुगेको हो । भदौ २७ गते राति प्रधानमन्त्रीले शपथ गरेलगत्तैबाट भ्रष्टाचारको गन्ध कतै नआओस् भन्ने जेनजीहरूको त हुँदै हो, त्यसमाथि आमजनताको चाहना पनि यही नै छ । प्रधानमन्त्री कार्कीसँग पुरानो संयन्त्रसँग मिलेर काम गरेको त पर्याप्त अनुभव छ तर यसलाई नयाँ बाटोबाट हिँडाउन नयाँ पाठ पढ्नुपर्ने दायित्व थपिएको छ । पुराना प्रशासनिक संरचनालाई नयाँ शिराबाट हिँडाउन प्रधानमन्त्री आफैँले निकै मेहनत गर्नुपर्ने छ । आजको काम भोलि भन्ने परिपाटी बदल्न सानो परिश्रमबाट सम्भव देखिन्न ।

भ्रष्टाचारबाट आक्रान्त जनताको समर्थनको आन्दोलन पनि हो यो जेनजी आन्दोलन । त्यसैले पनि दुई दिनमै सफल हुन पुगेको कुरालाई नबिर्सी प्रधानमन्त्रीले विगतका भ्रष्टाचारका काण्ड छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्नु पर्छ । आयोगका सदस्य उत्तिकै स्वच्छ र निष्कलङ्क हुन जरुरी पर्छ । दबाब र प्रभावमुक्त सदस्यको आयोग गठन हुनै पर्छ । तीस वर्षअघि गरेको भ्रष्टाचारको सजायँ पनि भोग्नुपर्दो रहेछ भन्ने ज्ञान भ्रष्टाचारीमा दिलाउनुपर्ने जिम्मा यो सरकारमा छ । भोलिका दिनमा कसैले भ्रष्टाचार गर्ने प्रयास गर्नुअघि १० पटक सोच्नुपर्ने हिसाबले कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने छ । निष्कलङ्क कार्कीलाई यसमा सफलता मिल्ने नै छ ।

हाम्रा निधिका रूपमा रहेका सिंहदरबार, भक्तपुरको ५५ झ्याले दरबार जस्ता संरचना जलाइएका छन् । सर्वोच्च अदालत, विभिन्न मन्त्रालय जस्ता मुलुकभरका सार्वजनिक संरचना ध्वस्त बनाइएका छन् । ध्वंस मच्चाएर मुलुकलाई ५० वर्षपछि धकेल्ने काम भएको छ । कर्मचारीलाई तलब खुवाउनै हम्मेहम्मे पर्ने गरेको नेपालको अर्थतन्त्रले यी सबै संरचना आफैँले निर्माण गर्न सहज छैन । आन्दोलन अवधिभर ठुलो स्वरले पनि नबोल्ने र शान्तिपूर्ण आन्दोलन गर्ने जेनजीको घोषणा सबैले सुनेकै हो । त्यसैले यो विनाश जेनजी पुस्ताबाट भएको होइन भनी सहजै भन्न सकिन्छ । जसले यो विनाश गर्‍यो गरायो उसलाई मुक्ति दिने हो भने नेपालले कहिल्यै प्रगतिको बाटो समाउन सक्दैन । तसर्थ ध्वंसमा संलग्नका माध्यमबाट यसमा उक्साउने तत्वको समेत पहिचान गरी कारबाहीको दायरामा ल्याउन तत्काल उच्चस्तरीय अर्को छानबिन आयोग गठन गर्न त्यत्तिकै जरुरी छ ।

मुलुकभर गरिएको विनाशका कारण आमनेपाली जनतामा निराशा पैदा भएको छ । भ्रष्टाचार उन्मूलनको दिशामा जेनजी पुस्ताले गरेको बलिदानीपूर्ण सङ्घर्षले आशाको सञ्चार गराए पनि आन्दोलनका उपलब्धिलाई छायामा पार्ने गरी भौतिक संरचना ध्वस्त भएका छन् । निराश जनतामा उत्साह पैदा हुने गरी कार्य गर्न सरकारले सक्नुपर्ने छ । उद्योगधन्दा, व्यापारिक प्रतिष्ठान खरानी हुन पुगेका छन्, जसले गर्दा हजारौँ नेपाली जनताको रोजगारी गुमेको छ । मुलुकलाई सङ्कटबाट सरकारले बिस्तारै होइन कि द्रुतगतिमा माथि उठाउँदै छ भन्ने अनुभूति जनतालाई दिलाउन सक्नुपर्ने छ ।

जनताबाट निर्वाचित संसद् विघटन गरिसकिएको छ । अर्को मध्यावधि निर्वाचनका लागि फागुन २१ गतेको दिनसमेत तोकिएको छ । तोकिएको मितिमा निर्वाचन गर्न गराउन सबैको साथ र सहयोग आवश्यक छ । चुनाव चुनावका लागि मात्रै नभई स्वच्छ, निष्पक्ष र भयरहित बनाउनुपर्ने छ । ५१ जनाले ज्यान दिएर र करिब दुई हजार नेपाली जनताले रगत बगाएर सफल बनाएको जेनजीको आन्दोलनको भावनामा कत्ति पनि चोट पुग्ने अवस्था आउन दिनु हुँदैन । आन्दोनल जेनजीले गरेको भए पनि सत्ता साइलेन्ट पुस्तालाई नै सुम्पिएको अवस्थामा पुराना पुस्ताले पनि काम गर्न सक्छन् भन्ने प्रमाणित गर्नु छ ।

जे होस्, संविधान जोगिएको छ । संविधानका केही अप्ठ्यारा धारा बदल्नुपर्ने छ । आमनेपालीले नरुचाएका प्रावधानमा संशोधन गर्नुपर्ने छ । संसद्बाट संशोधन गर्ने बाटो बन्द भएको छ । अध्यादेशबाट सरकार एक्लैले परिवर्तन गरी त्यसपछि निर्वाचन गराउने भन्ने पनि त्यति सहज छैन । आमराजनीतिक सहमतिको बाटो रोजेर अगाडि बढ्नुपर्ने छ । सहमति, सहकार्य र एकताको सन्देश दिन यो सरकार सफल हुनै पर्छ । अन्यथा नेपाली नागरिकले देखेको भ्रष्टाचारमुक्त नेपाली समाजको सपना पूरा हुने छैन ।

आन्दोलनपछिका सरकारलाई कहिल्यै सहज बाटो हुँदैन । कृष्णप्रसाद भट्टराई अन्तरिमकालको प्रधानमन्त्री हुँदा पनि धेरै अप्ठेरा सापना गर्नु परेको थियो । अन्तरिमकालको प्रधानमन्त्रीले सुझबुझ, आँट र साहसका साथ काम गर्न सक्नु पर्छ ।

मुखले जवाफ फर्काइहाल्नु उचित हुँदैन, काम गरेर देखाउनु पर्छ भन्ने निकट विगतको इतिहासले देखाएकै छ । लोकतन्त्र र कानुनी राज्यका भावनामा कत्ति पनि ठेस नपुग्ने क्रियाकलापका साथ युवादेखि सारा जनताका मनमा यो सरकार बस्न सक्नु पर्छ । नयाँ सरकार शपथ ग्रहणपछि राष्ट्रपतिले भने जसरी सफल होस्, मुलुकलाई सफल बनाओस्, नागरिकको दुःख सुखको साथी बनोस् ।

# युवा सहादतको अन्तर्य



• खुशीराज गौतम

जेनजी आन्दोलन विद्यमान राज्य संरचनाले जन्माएको निराशाको प्रतीक थियो । देशमा दुई ठुला दलबिचको गठबन्धनले लोकतान्त्रिक अभ्यासको आत्मालाई कमजोर पारेको थियो । बहुदलीय व्यवस्थामा सत्तापक्ष र प्रतिपक्ष दुवैको भूमिका हुन्छ; जब सत्ताले गल्ती गर्छ, प्रतिपक्षले त्यसलाई सच्याउने र सरकारलाई जवाफदेही बनाउने जिम्मेवारी निर्वाह गर्छ । संवैधानिक सर्वोच्चता, विधिको शासनलाई कायम गर्नुपर्नेमा संविधान र कानुनको अपव्याख्या गरेर नेता र नेताका कार्यकर्ता मात्र सुखी हुन थाले । यसले जनतामा ठुलो निराशा पैदा गर्‍यो । उनीहरूले महसुस गरे कि आफ्ना गुनासा र पीडामा बोलिदिने अब कोही बाँकी रहेन । यसैको प्रतिक्रियास्वरूप जेनजी पुस्ता आन्दोलनमा होमिएको हो ।

जनसमुदायले युवा पुस्ताको नेतृत्वमा भएको आन्दोलनलाई समर्थन गर्‍यो । सहरी क्षेत्रका विद्यार्थी मात्र होइन, गाउँघरका किसान, कामदार र पेसाकर्मीसमेतले सामाजिक सञ्जालमा आक्रोश व्यक्त गर्न थाले । यो केवल राजनीतिक असन्तोष मात्र थिएन, भित्रभित्रै सामाजिक विद्रोह हुन थालेको थियो । नियमन गर्ने निहुँमा सरकारले सामाजिक सञ्जालमा नै प्रतिबन्ध लगाइदियो । यता जेनजी पुस्ता विचलित भयो । सामाजिक सञ्जालबाटै रोजगारी गर्ने लाखौँ युवाको रोजगारी खोसियो । देश विदेशमा विचार आदानप्रदान गर्ने माध्यम सबै अवरुद्ध भए । यस्तो प्रकारको सरकारी गलत कार्यविरुद्ध अदालतले पनि निवेदन दर्ता गर्न मानेन । जेनजीपुस्ता सडकमा आउनुको कुनै विकल्प बाँकी रहेन भन्ने उसले ठान्यो ।




यस घटनाले नेपालको लोकतन्त्र अझै संस्थागत बन्न नसकेको देखियो । नागरिक अधिकार, स्वतन्त्रता र जीवन सुरक्षाको ग्यारेन्टी यो संवैधानिक संरचनाले दिन सक्दैन भन्ने महसुस भयो । यो केवल सुरक्षा निकायको बल प्रयोगको प्रश्न थिएन; यसले शासन प्रणाली, संवैधानिक ढाँचा र राजनीतिक नेतृत्वबारे गम्भीर प्रश्न उब्जायो । जब राज्यले आफ्ना निहत्था र निर्दोष नागरिकमाथि गोली चलाउँछ, त्यही बेला सरकारको नैतिक अधिकार गुमेको हुन्छ । तत्कालीन प्रधानमन्त्री केपी ओलीले आफूले राजीनामा नदिई गृहमन्त्रीको मात्र राजीनामा लिनुभयो । यही कारण भोलिपल्ट आन्दोलन अझ उग्र भयो, जसको परिणाम सिंहदरबार, संसद् भवन, संवैधानिक निकाय, अदालत, जिल्ला प्रशासन कार्यालयहरू, गठबन्धन दलका नेताका घर घरमा आगो लगाइयो । नेतालाई पिट्न थालियो । आन्दोलन अति उग्र र हिंसात्मक भयो । देशमा अर्बौंको जनधनको क्षति भयो । यो घटनाले सबैको मन रुवायो । दुई दिनको अशान्तिपछि मुलुकले अन्तरिम प्रधानमन्त्री पाएको छ । जेनजीको म्यान्डेट अनुसार यो सरकारलाई काम गर्नुपर्ने दायित्व छ ।

नव नियुक्त प्रधानमन्त्री सुशीला कार्कीका काँधमा अहिले ऐतिहासिक जिम्मेवारी आएको छ । उहाँ नेपालको पहिलो महिला प्रधानमन्त्री मात्र होइन, न्यायपालिकाको नेतृत्व गरिसक्नुभएकी स्वच्छ छवि र इमानदार नेतृका रूपमा परिचित हुनुहुन्छ । उहाँको नेतृत्वलाई नागरिकले ठुलो आशा र अपेक्षाका साथ हेरेका छन् । यसको अर्थ हो, नयाँ बानेश्वर घटनाको निष्पक्ष छानबिन गर्ने, दोषीलाई कानुनी कारबाहीमा ल्याउने र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाउने । यो केवल प्रशासनिक कदम मात्र होइन, नैतिक दायित्व पनि हो ।

प्रधानमन्त्रीका चुनौती यतिमै सीमित छैनन् । दलगत गठबन्धनको राजनीतिक दाउपेचबाट राज्यमा स्थायित्व जोगाउँदै सुशासनको एजेन्डा अघि बढाउने कठिन कार्य गर्नु छ । प्रतिनिधि सभा विघटन भए पनि प्रदेश र स्थानीय तहका गठबन्धनको सिन्डिकेट चलाउने राजनीतिक सत्ताले गर्ने बार्गेनिङबाट नीति निर्माण प्रक्रियामा अवरोध पुर्‍याउन सक्छ । सरकारले साहसिक निर्णय लिन सकेन भने जनताको असन्तोष फेरि बढ्न सक्छ र आन्दोलन अझ उग्र बन्न सक्छ । सरकारले आफ्नो पहिलो सय दिनभित्र ठोस कदम चाल्नु जरुरी छ । जस्तैः- सबै तहका नेताको वर्तमान सम्पत्ति विवरण सार्वजनिक गर्ने, त्यसको स्रोत र कर तिरेको विवरण खोजी गर्ने, जुनसुकै तह र तप्काको व्यक्ति होस् अप्रत्याशित रूपमा कम समयमा अत्यधिक धन सङ्ग्रह गर्नेविरुद्ध सम्पत्ति छानबिन गर्ने, भ्रष्टाचार अनुसन्धानलाई फास्ट ट्र्याक गर्ने र सरकारी नियुक्ति र निर्णय प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने पनि हो ।

युवा पुस्ताको अर्को ठुलो माग आर्थिक अवसर र रोजगारी हो । नेपालमा बेरोजगारीको दर उच्च छ र लाखौँ युवा विदेशी रोजगारमा जान बाध्य छन् । यो प्रवृत्ति यथावत् रह्यो भने देशभित्र सामाजिक असन्तोष घट्न गाह्रो पर्ने छ । सरकारले स्टार्टअप र नवप्रवर्तनलाई कर छुट दिने, सस्तो ऋण उपलब्ध गराउने, लगानीमैत्री वातावरण बनाउन भ्रष्टाचार नियन्त्रण गर्ने र नयाँ उद्योग खुलाउन प्रोत्साहन दिने नीति तत्काल ल्याउनु पर्छ । साना व्यापार गरेर गरिखानेको पिर मर्का बुझेर उनीहरूको दोहरो कर, स्थानीय तह, पुनः राजस्व कार्यालयको झन्झटलाई हटाएर सरल रूपमा गरिखाने व्यवस्था मिलाउनु पर्छ । यसका अतिरिक्त, शिक्षा प्रणालीलाई रोजगारीमुखी बनाउन र प्रविधि र उद्यमशीलतालाई प्राथमिकता दिने सुधार आवश्यक छ । पहाडका बन्जर डाँडामा बस्ती बसाउने र तराईका उर्वर भूमिमा प्लटिङ जस्ता विकृतिविरुद्ध कडा कानुन बनाउने कार्य पनि उत्तिकै महत्वपूर्ण छ ।

प्रधानमन्त्रीलाई काम गर्दा संवैधानिक र कानुनी अवरोध पनि समाधानको प्रमुख बाधक हुन् । संविधानमा भएका केही व्यवस्था कठोर छन्, जसका कारण समयमै संशोधन र सुधार सम्भव हुँदैन । संवैधानिक निकायमा राजनीतिक कोटा प्रणालीबाट भरिभराउ रहिरहेकाले निष्पक्षतालाई कमजोर बनाएको छ । न्यायालयमा मुद्दा टुङ्गिन बर्सौं लाग्छ, जसले नागरिकलाई समयमै न्याय पाउनबाट वञ्चित बनाउँछ । निष्पक्षता, सुशासनयुक्त र विवेकपूर्ण न्यायका अवरोध समाधान गर्न वर्तमान जनशक्तिमा फेरबदल पनि अति आवश्यक छ । यसका लागि सर्वदलीय संवाद, नागरिक समाज र युवाको सहभागिता सुनिश्चित गर्ने प्रक्रिया सुरु गर्नुपर्ने छ । संवैधानिक परिषद् र न्याय परिषद्का निर्णय पारदर्शी हुनु पर्छ । इमानदार, स्वच्छ छवि र विषय विज्ञ स्वतन्त्र व्यक्तित्वलाई प्रणालीमा समावेश गरेर जनताको क्रन्दन सुन्ने बनाउनु पर्छ । आन्दोलनसँग सम्बन्धित मुद्दा छ महिनाभित्र टुङ्ग्याउने विशेष अदालत पनि गठन गर्न जरुरी छ । यस्तै यस्ता जनमुखी कानुनको चाङ बनाउन निष्पक्ष एक्सपर्ट पनि आवश्यक छ ।

यो आन्दोलनले एउटा भावुक सन्देश दिएको छ । नेपालमा लोकतन्त्र र सुशासनको अभ्यास केवल कागजमा होइन, व्यवहारमा पनि देखिनु पर्छ । जनता अब निष्क्रिय दर्शक बन्न तयार छैनन् । उनीहरूले आफ्नो जीवनको मूल्य बुझेका छन् र राज्यसँग जवाफ मागिरहेका छन् । यो आन्दोलनको सहादत खेर जान नदिन अब सम्पूर्ण राष्ट्र जिम्मेवार बन्नु पर्छ । राजनीतिक दल, पेसागत निकाय र नागरिक समाज सबैले आत्मसमीक्षा गर्नु पर्छ । फरक विचारलाई निषेध गर्ने, आलोचनालाई दबाउने र सत्तामा बसिरहने मोहमा जनताको आवाजलाई थिच्ने प्रवृत्ति अन्त्य गर्नु पर्छ । दलीय भागबन्डा र नियुक्ति, दलीय गठबन्धन जस्ता तत्वले प्रजातन्त्रलाई कमजोर बनाउँछ भन्ने बुझ्न जरुरी छ ।

देशलाई अब नयाँ सुरुवात चाहिएको छ । जहाँ पारदर्शिता, जवाफदेहिता र नागरिक अधिकारलाई पहिलो प्राथमिकता दिइने छ । सुशासन केवल नारा होइन, संस्थागत अभ्यास बन्नु पर्छ । सहिद युवाको रगतले दिएको बलिदानले राष्ट्रलाई झक्झक्याएको छ । यो इतिहासको यस्तो मोड हो, जहाँ नेतृत्वले सही निर्णय लिन सके नेपाल दीर्घकालीन स्थायित्व र समावेशी विकासको बाटोमा लाग्न सक्छ । यदि यसलाई बेवास्ता गरियो भने निराशाको लहर गहिरो हुँदै जाने छ र जनतन्त्रको आधार अझ कमजोर हुने छ ।

अन्ततः, यो आन्दोलन र सहादतले देखाएको छ कि जनतामा अझै पनि आशा बाँकी छ तर त्यो आशा पूरा गर्ने जिम्मा नेतृत्वको काँधमा छ । सबै प्रकारका गठबन्धन र सत्ताको मोहबाट माथि उठेर, फरक विचारलाई सम्मान गर्दै र राष्ट्रहितलाई सर्वोपरि राख्दै मात्र सुशासनको नयाँ युग सुरु गर्न सकिन्छ । यही आजको ऐतिहासिक आवश्यकता हो र यही आजको माग हो ।

